# शान्तिनगर गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

चिराघाट, दाङ
५ नं. प्रदेश, नेपाल

# नदी जन्य पदार्थको शिलबन्दी बोलपत्र आव्हान सम्वन्धी सूचना

## प्रथम पटक सूचना प्रकाशित मिति २०७७/०६/२७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, शान्तिनगर गाउंपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदी जन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ बमोजिम देहायका शीर्षकहरूमा राजस्व असूली सम्बन्धी काम आ.व. २०७७/०७८ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरूले शिलबन्दी दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

<u>आन्तरिक आय ठेक्का विवरण</u>

| आय ठेक्का नं. | आयको विवरण | आ.व.०७७/०७८ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदी विक्रि (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री परिमाण (घन फिटमा) | आ.व. ०७७/०७८ को लागि निर्धारण ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा आदि विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) प्राकृतिक श्रोत विक्री शुल्क रू. प्रति घनफिट | ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल र रोडा घाटगद्दी एवं विक्री (स्वीकृत खानी क्षेत्र बाहेक) संकलन तथा विक्री शुल्क वापत हुने कुल न्यूनतम अंक (कर तथा भ्याट बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|---|
| ०६/SRMNC B/०७७/०७८ | बौलाह खोलाको जुम्लेकुला घाटमा ढुंगा, गिटी, बालुवा आदि | १९३७५ | रू ६।०० | ११,६२,५००। | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| ०७/SRMNC B/०७७/०७८ | बौलाह खोलाको बाघढोई घाटमा ढुंगा, गिटी, बालुवा आदि | ४०३६४७ | रू ६।०० | २४,२१,८८२। | रू ३,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |
| ०८/SRMNC B/०७७/०७८ | बौलाह खोलाको विष्णुपुर घाटमा ढुंगा, गिटी, बालुवा आदि | १६१४५९ | रू ६।०० | ९,६८,७५४। | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| ०९/SRMNC B/०७७/०७८ | बौलाह खोलाको रगैचा घाटमा ढुंगा, गिटी, बालुवा आदि | २२६०४२ | रू ६।०० | १३,५६,२५२। | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| १०/SRMNC B/०७७/०७८ | बौलाह खोलाको कासिपुर घाटमा ढुंगा, गिटी ग्राभेल आदि | २५८३३४ | रू ६।०० | १५,५०,००४। | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| ११/SRMNC B/०७७/०७८ | बौलाह खोलाको कोरवाङ (१) घाटमा ढुंगा, गिटी, बालुवा आदि | ५१६६६८ | रू ६।०० | ३१,००,००८। | रू ३,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |
| १२/SRMNC B/०७७/०७८ | बौलाह खोलाको कोरवाङ (२) घाटमा ढुंगा, गिटी, बालुवा आदि | २२६०४२ | रू ६।०० | १३,५६,२५२। | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| १३/SRMNC B/०७७/०७८ | बान्द्रे खोलाको भोलुङेपुल घाटमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि | ३४४४४ | रू ६।०० | २,०६,६६४ | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| १४/SRMNC B/०७७/०७८ | च्यौंटी खोलाको खिलतपुर घाटमा ढुंगा, गिटी, बालुवा, ग्राभेल आदि | ७७५०० | रू ६।०० | ४,६५,०००। | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| १५/SRMNC B/०७७/०७८ | पेदी खोलाको भोलुङेपुल स्कुल घाटमा ढुंगा, गिटी, बालुवा आदि | ३३७९९ | रू ६।०० | २,०२,७९४। | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| १६/SRMNC B/०७७/०७८ | वस्ती खोलाको सिमलगैरा घाटमा ढुंगा, ग्राभेल आदि | १२०५५ | रू ६।०० | ७२,३३०। | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| १७/SRMNC B/०७७/०७८ | केराघारी खोलाको प्रावि केराघारी माथि घाटमा ढुंगा | १७१६१ | रू ६।०० | १,०२,९६६। | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| १८/SRMNC B/०७७/०७८ | बगर खोलाको खड्कपुर घाटमा ढुंगा, बालुवा, ग्राभेल आदि | १६७९१७ | रू ६।०० | १,००७,५०२ | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| १९/SRMNC B/०७७/०७८ | बबई खोलाको देविपुर (१) घाटमा गिटी, बालुवा | ३४१००० | रू ६।०० | २०,४६,००० | रू ३,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानत |
| २०/SRMNC B/०७७/०७८ | बबई खोलाको देविपुर (२) घाटमा ढुंगा, गिटी, | १५३२५६ | रू ६।०० | ९१९,५३६ | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |
| २१/SRMNC B/०७७/०७८ | बबई खोलाको गैरा तिलवारी घाटमा ढुंगा, गिटी, | २२८७३३ | रू ६।०० | १३,७२,३९८ | रू १,०००। | मु.अ.कर सहित कुल कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम वा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानत |

<u>ठेक्का सम्बन्धि शर्तहरू</u>

१. माथि उल्लेखित ठेक्काहरूको लागि बोलपत्र फाराम खरिद गरी भरी पेश गर्नु पर्नेछ ।
२. ठेक्का अवधि आ.व. २०७७/०७८ जेठ मसान्त सम्म रहनेछ । तर ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार कै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधीमा पनि विक्री निकासी गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारू नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दावी गर्न पाईने छैन । IEE प्रतिवेदनले निषेध गरेको अवधी तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन् गर्न पाइने छैन तर विभिन्न स्थानमा थुपारी राखिएको मौज्दात सामाग्री विक्री तथा निकासी गर्न सकिनेछ ।
३. माथि उल्लेखित सबै ठेक्काहरू क्बोल अङ्कको थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।
४. धरौटी वापत कबोल गरको अंकको ५ प्रतिशत रकम यस शान्तिनगर गाउँपालिका दाङको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखा स्थित बैंक धरौटी खाता नं ०७७०१४००२५००३० मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको बैंक जमानत (विड विन्डको सक्कल प्रति) सिलबन्दी दरभाउपत्र साथ संलगन गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।
५. सिलबन्दी दरभाउपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर वापतको रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट बैंक शान्तिनगर शाखा स्थित आन्तरिक राजश्व खाता नं. ०७७०१४००२५०१०८ मा दाखिला गर्नुपर्नेछ ।
६. कारण जनाई वा नजनाई सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
७. सिलबन्दी दरभाउपत्र दिदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही हुनेछैन ।
८. ठेक्कामा कुनै विवाद भएमा शान्तिनगर गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।
९. उपरोक्त ठेक्कान ७, ११ र १९ को लागि सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी ३१ औ दिनको १२:०० बजेभित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ र अन्य बाँकी शिलबन्दी दरभाउ पत्रहरूको लागि १५ औं दिन सम्म कार्यालय समयभित्र खरिद गरी १६ औ दिन दिनको १२:०० बजे प्राप्त बोलपत्रहरू सोही दिन दिनको :०० बजे शान्तिनगर गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।
१०. सिलबन्दी दरभाउपत्र फारामहरू खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।
११. यस सूचनामा उल्लेख भएका शर्तहरूका अतिरिक्त सिलबन्दी दरभाउपत्र साथ संलगन गरिएको आय ठेक्का सम्बन्धि अन्य शर्तहरूका प्रत्येक बुँदाहरू यसै सूचनाका शर्त सरह लागु हुनेछ ।
१२. यस सूचना तथा सिलबन्दी दरभाउपत्र साथ संलग्न अन्य शर्तहरू पूरा नभएका सिलबन्दी दरभाउपत्रहरू मूल्यांकनमा समावेश गरिने छैन ।
१३. अन्य कुराहरू नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

नर बहादुर वि.क.
(प्रमुख प्रशासकीय अधिकृत)